

**के तपाईको घर पानीले रसाएको छ ?**

अब चिन्ता नगर्नुहोस !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कर्न्सन

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १०६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख १७ गते आइतबार ❑ 30 April 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## आपसी सहकार्यका विषयमा राजदूतसँग छलफल

पोखरापत्र संवाददाता

पोखरा, १६ बैशाख

होटल संघ पोखरा नेपाल र नेपालका लागि अमेरिकी राजदूत डिन आर थम्पसनविच आपसी सहकार्यका विषयमा हालै पोखरामा छलफल भएको छ ।



सो अवसरमा संघका महासचिव राजेन्द्र ढकाल र टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले पोखराको पर्यटकीय अवस्थाका बारेमा जानकारी गराएका थिए। अमेरिकी नागरिक र अमेरिकी पर्यटकको सुरक्षाप्रति आफूहरु संवेदनशील रहेको बताउँदै महासचिव ढकालले विगतमा अमेरिकी दुतावासँग संघ नजिक रहेर काम गरेको र भविश्यमा पनि त्यसस्तो सहकार्यप्रति आफूहरु आसावादी रहेको भनाई राखे ।

पछिल्लो समयमा नेपाल घुम्न आउने अमेरिकी पर्यटकको संख्यामा बढोत्तरी देखिएको पनि उनले अवगत गराए । सुन्दर पर्यटकीय नगरी पोखरामा राजदूत डिन र अमेरिकी दुतावासका अधिकारीहरुलाई स्वागत गर्न पाउँदा संघ खुसि भएको बताउँदै ढकालले औपचारिक रुपमै पोखरा छिटै नेपालको पर्यटकीय राजधानी बन्ने जानकारी गराए । सुन्दर ताल, हिमाल र विविध संस्कृति यहाँको विशेषता रहेको पनि महासचिव ढकालले सो अवसरमा बताए । झण्डै चार दशकदेखि संघले पर्यटकीय सेवा सुविधालाई गुणस्तरीय बनाउनेतर्फ काम गर्दै आएको स्मरण गराउँदै ढकालले यस क्षेत्रको होटल उद्योगमा मात्र पाँच खर्ब रुपैयाँ लगानी रहेको जानकारी गराए । रोजगारी सिर्जना गरी देशको अर्थतन्त्रमा टेवा पुर्‍याउँदै गरिवीको अन्त्य गर्ने संघको उद्धेश्य रहेको पनि उनले बताए । कोभिड १९ पछि पोखराको पर्यटन क्षेत्र पनि मारमा परेको बताउँदै उनले पर्यटकीय सेवा सुविधामा कुनै कमि नहुने गरी अफ्ठ्यारो अवस्थामा पनि आफूहरुले सेवा गरिरहेको सुनाए । पोखरामा नयाँ अन्तर ष्ट्रिय विमानस्थलले सेवा सुरु गरिसकेको र पृथ्वी राजमार्गको स्तरोन्नती पनि केही अवधिमा सकिने बताउँदै ढकालले पर्यटकीय पूर्वाधारका हिसावले पोखरामा कुनै समस्या नभएको बताए ।पोखरामा अमेरिकाका ब्लगर, ट्राभल राइटर र पत्रकार हरुलाई निमन्त्रणा गर्न र भ्रमण गराउनका लागि दूतावाससँग आबश्यक सहकार्य गर्न संघ तयार रहेको पनि ढकालले जानकारी गराए । पोखराको पर्यटन क्षेत्रमा लगानीका लागि अहिलेको उपयुक्त समय भएको बताउँदै उनले द्विपक्षीय व्यापारिक लाभका लागि संघले आबश्यक भूमिका खेल्न सक्ने सुनाए । कार्यक्रममा राजदूत थम्पसनले पदयात्रामा जाने पर्यटकका लागि पथप्रदर्शक अनिवार्य गरिएको विषयप्रति चासो व्यक्त गरेका थिए । तत् पश्चात् टान गण्डकीका अध्यक्ष धर्मराज पन्थीले पर्यटकको सुरक्षाको लागि पथप्रदर्शको व्यवस्था गरिएको जानकारी गराए ।

## प्रकोप व्यवस्थापनमा रेडक्रसको भूमिका महत्वपुर्ण :मुख्यमन्त्री पाण्डे

पोखरापत्र संवाददाता

पोखरा, १६ बैशाख




नेपाल रेडक्रस सोसाइटी गण्डकीको पाचौ साधारण सभा सम्पन्न भएको छ । साधाराण सभाको गण्डकी प्रदेशका नवनियुक्तमुख्यमन्त्री सुरेन्द्र पाण्डेले उद्याटन गरे ।

सो अवसरमा बोल्दै मुख्यमन्त्री पाण्डेले सात सिद्धान्तले नै रेडक्रसको परिचय दिएको बताए । उनले दैविक प्रकोप पूर्वतयारी र प्रकोप पछिको अवस्थामा रेडक्रसले खेलेको भूमिका प्रशंसनिय रहेको बताए ।

गण्डकी प्रदेश पनि प्रकृति प्रकोपको बढि प्रभावित हुने प्रदेश भएकाले रेडक्रसको ठुलो भूमिका रहेको बताए । भुकम्पको अवस्थामा पनि रेडक्रसले ठुलो भूमिका निभएको सबैलाई थाहा छ, जनताको साथमा रहेको काम गर्नुभयो त्यसका लागि धन्यवाद दिन चाहन्छु, पाण्डेले भने ।

मुख्यमन्त्री पाण्डेले रेडक्रसको केन्द्रीय अधिवेशन केही वर्षदेखि रोकिएको भन्दै रेडक्रसको नेतृत्व गर्नेहरुमा समस्या देखिएको बताए । ६० वर्षसम्म मानविय सहयोगको लागि काम गरेको संस्थालाई व्यवस्थित गर्नुपर्ने पाण्डेले जोड दिए । कार्यक्रममा बोल्दै रेडक्रस लुम्बिनीका अध्यक्ष कृष्ण पंगेनीले रेडक्रसले खेलेको भूमिकालाई केही घटनाका आधारमा नजरअन्दाज गर्न नहुने बताए।प्रदेश संरचना नयाँ भएकाले स्थापित गर्नका लागि सबैले पहल गर्नुपर्ने उनले बताए। रेडक्रस बागमगीका महासचिव रामजी पौडेलले केन्द्रीय समितिको महाधिवशेनका लागि जिल्ला जिल्लाबाट दवाव दिनुपर्ने बताए । उनले रेडक्रसको असल प्रयासलाई धमिलो हुन दिन नहुनेमा जोड दिए ।

कार्यक्रममा बोल्दै नपाल रेडक्रस केन्द्रीय कार्यालयका निर्देशक पुजा कोइरालाले नेपाल रेडक्रसको अन्तर्राष्ट्रिय पहिचान उत्कृष्ट रहेको बताइन् । कोइरालाले समिति विहिन भए पनि केन्द्रीय रेडक्रसले नियमित रुपमा संचालन भइरहेका कार्यलाई निरन्तरता दिइरहेको भनाई राखेकी थिइन् । तनहुँ रेडक्रसका सभापति प्र.डा.कृष्ण प्रसाद गौतमले रेडक्रसका गतिबिधिलाई निरन्तर समाजसंग जेड्नुपर्ने बताए । युवा रेडक्रस सर्कल भनुभक्त क्याम्पस तनहुँका सभापति सुनिता तिवारीले रेडक्रसबाट आफुले सिक्ने अवसर पाएको बताइन् । नेपाल पात्रकार महासंघ केन्द्रीय सदस्य सरिता तिमिल्सीनाले रेडक्रसको भूमिकालाई कमजोर हुन दिन नहुने बताइन् । कार्यक्रममा रेडक्रस पर्वत र कास्की शाखाका कर्मचारीलाई दोसल्ला, प्रमाणपत्र र नगद ५ हजारले सम्मान गरिएको थियो । सम्मानित हुनेमा पर्वत रेडक्रस कार्यालय प्रमुख खेम बहादुर क्षेत्री र कास्की शाखा प्रमुख मोहन सिंह खड्का रहेका छन् । साधारण सभामा महासचिव रामदत्त पौडेलले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष नारायण प्रसाद घिमिरेले आर्थिक प्रतिवेदन र लेखा समिति संयोजक देवीलाल शर्मा तिमिल्सीनाले लेखा प्रतिवेदन पेश गरेका थिए । साधारण सभाको समापन गदै अध्यक्ष सूर्य प्रसाद ढकालले प्रदेशको भूमिकालाई बढाउन आवश्यक रहेको बताए ।

## अर्थतन्त्र ओरालो लाग्नु चिन्ताजनक : अध्यक्ष ओली

पोखरापत्र संवाददाता

पोखरा, १६ बैशाख

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको अर्थतन्त्र ओरालो लाग्नु चिन्ताको विषय भएको बताउँदै अर्थतन्त्र सुधारमा आफूहरू गम्भीर रहेको बताउनुभएको छ ।

अध्यक्ष ओलीले देशलाई सकारात्मक बाटोमा फर्काउन आफ्नो दल लागिपरेको समेत स्पष्ट पार्नुभयो ।

"देशलाई कसरी अनुकूल अवस्थामा फर्काउने, त्यसमा जनताको साथ कसरी लिने भनेर हामी लागेका छौं", अध्यक्ष ओलीले भन्नुभयो । नेकपा (एमाले) पाँचथरले आज फिदिममा आयोजना गरेको अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उहाँले अर्थमन्त्रीले 'कर्मचारीलाई तलब खुवाउनै नसक्ने अवस्थामा त पुगेका छैनौं' भन्नु सामान्य कुरा नरहेको बताउनुभयो । "अर्थमन्त्रीले नै यसो भनेपछि अरु विकास निर्माणका कुरा त छाडिदिनुपर्ने स्थिति आएको बुझ्न सकिन्छ", ओलीले भन्नुभयो, "ओरालो लागेको अर्थतन्त्रलाई कसरी सुधार गर्ने भन्ने हाम्रो मुख्य चिन्ता रहेको छ ।" कानुन कार्यान्वयन प्रभावकारी नहुँदा देशको राजनीति अस्थिरता, अराजकता र कानुनविहीनतातर्फ गएको टिप्पणी गर्दै अध्यक्ष ओलीले सामाजिक मूल्य मान्यता कमजोर भएको बताउनुभयो । भत्कन लागेका मूल्य, मान्यतालाई पुनःस्थापित गर्न एमाले कार्यकर्ताले अनुशासित, सङ्गठित र व्यवस्थितरूपमा पार्टी पङ्क्तिलाई सक्रिय गराउनुपर्नेमा उहाँले जोड दिनुभयो । "अब लोगो झुन्ड्याएर, सङ्गठनमा बसेरमात्रै हुँदैन । एमालेका नेता, कार्यकर्ता जनतामा जानुपर्छ । पार्टीले सबै सङ्गठनलाई चुस्तदुरुस्त र सक्रिय ढङ्गले चलाउनु पर्छ", उहाँले भन्नुभयो, "यो सबै काम पार्टी सङ्गठन बनाउन, चुनाव जित्नका लागि होइन । यो देशलाई ठीक ढङ्गले चलाउनका लागि आवश्यक परेको हो ।" अध्यक्ष ओलीले श्रमलाई घृणा नगर्न र सबै प्रकारका श्रममा जोडिन कार्यकर्तालाई आग्रह गर्नुभयो । उत्पादनलाई विशेष जोड दिई उत्पादन हुनसक्ने खाद्यवस्तुमा आत्मनिर्भर बनेर उदाहरणीय बन्न उहाँ पार्टी सदस्यलाई सुझाव दिनुभयो । गरिबी, पूर्वाधारको अभावजस्ता समस्याको अन्त्य गर्दै देशलाई परिवर्तन गर्न आफू नेतृत्वको सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा अघि सारेको उहाँले स्मरण गर्नुभयो । प्रदेश नं १ को नाम कोशी राखिएकामा विरोध जनाउँदै आएका पहिचान पक्षधरले हिजो आयोजित कार्यक्रममा विरोध जनाएको प्रसङ्ग कोट्याउँदै अध्यक्ष ओलीले एमालेसहितका दलले स्थापित गरेको लोकतान्त्रिक व्यवस्थामा जनमतमार्फत नाम परिवर्तन गर्न सकिने स्पष्ट पार्नुभयो । "विद्यालयको उद्घाटन गरेको, विद्यालय चलेको कतिपयलाई मन परेन । बालबालिकाले गाउँमा प्राविधिक शिक्षा पढ्न पाएको राम्रो ठानेनन्", ओलीले भन्नुभयो, "मैले विद्यालय उद्घाटन गरेँ, मलाई नै देश छोड भन्दै नारा लगाए । यसरी पहिचानको राजनीति सफल हुँदैन ।

## 'अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुरस्कार' गीतकार खरेललाई

पोखरापत्र संवाददाता

पोखरा, १६ बैशाख

प्रसिद्ध सङ्गीतकार अम्बर गुरुङको नाममा पोखरेली युवा सांस्कृतिक परिवारद्वारा स्थापित 'अम्बर गुरुङ राष्ट्रिय सङ्गीत पुरस्कार' पहिलोपटक वरिष्ठ गीतकार किरण खरेललाई प्रदान गरिने भएको छ ।

रु दुई लाख राशिको सो पुरस्कार आगामी शनिबार पोखरामा आयोजना हुने पुरस्कार समारोहमा गीतकार खरेललाई समर्पण गरिने पोखरेली युवा

बाँकी अन्तिम पृष्ठमा ▶▶

**औषधिको सही सेवन गरौं**

◆ चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधिको सेवन नगरौं।

◆ जथाभावी औषधि सेवनले स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्दछ।

◆ जथाभावी औषधि सेवनले स्वास्थ्यमा जटिलता आउन सक्ने, अपाङ्गता हुन सक्ने र ज्यानैसमेत जान सक्दछ।

◆ एन्टिबायोटिक लगायतका औषधि चिकित्सकको सल्लाहमा पूरा मात्रामा सेवन गरौं।

◆ औषधि पूरा मात्रामा र सही समयमा सेवन नगर्नाले रोग पुन: बल्झिन सक्दछ।

त्यसैले औषधिको सेवन चिकित्सक वा स्वास्थ्यकर्मीको परामर्शअनुसार गर्ने गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

## लिफ्टिङ खानेपानी र सिँचाइमा विद्युत महसुल नि:शुल्क

पोखरापत्र संवाददाता

पोखरा, १६ बैशाख

गण्डकी प्रदेश सरकारले कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि लिफ्टिङ खानेपानी र सिँचाइ आयोजनाको विद्युत् महसुलमा सत प्रतिशतसम्म अनुदान दिने निर्णय गरेको छ ।

नवनियुक्त मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पदभार ग्रहण गरेसँगै शुक्रबार बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले सो निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता एवं बिनाविभागीय मन्त्री सरस्वती अर्याल तिवारीले जानकारी दिनुभयो । "लिफ्टिङ प्रविधिबाट सञ्चालित खानेपानी र सिँचाइ आयोजनामा खर्च हुने विद्युत्को महसुल पूर्णरुपमा नि:शुल्क गर्ने निर्णय भएको छ", उहाँले भन्नुभयो ।

यस्तै यातायात व्यवस्था कार्यालयबाट हुने सेवा प्रवाहलाई प्रविधिमैत्री र सवारी चालक अनुमति पत्र वितरण प्रक्रियालाई छिटोछरितो बनाउन प्रदेश सरकारले आवश्यक प्रबन्ध गर्ने भएको छ । उक्त सेवालाई सहज बनाउन गर्नुपर्ने सुधार सम्बन्धमा अध्ययन गरी सुझावसहित प्रतिवदेन पेस गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गरेको छ । उक्त समितिले १५ दिनभित्र प्रतिवदेन पेस गर्नेछ ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस

नयाँबजार, पोखरा

फोन नं. -५२०६५१

# नेपाली बजारमा सेकेण्ड ह्याण्ड र अवैध मोवाइलको रजाई

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



नेपाली बजारमा हिजोआज सेकेण्ड ह्याण्ड र अवैध मोवाइलको रजाई भएको व्यवसायीरुले गुनासो गरेका छन्। नेपाल मोबाइल वितरक संघको शनिबार पोखरामा आयोजना गरेको सातौं साधारण सभामा वोल्ने व्यवसायीहरुले नियमन गर्न नसक्दा हिजोआज नेपाली बजारमा सेकेण्ड ह्याण्ड र अवैध मोवाइलको एक छत्र रजाई भएको गुनासो गरेका हुन् ।

सेकेण्ड ह्याण्ड बस्तु आयातमा रोक लगायको अबस्थामा र अवैध ढंगबाट करछलि गरी भित्रिएका मोबाइलले नेपाली बजारमा बिकृति फैलिएको व्यवसायीहरुले बताए । मोबाइल व्यवसायीले एमडिएमएस लागु नभएपछि नेपालमा अवैध मोवाइल कारोवार नियन्त्रण गर्न नकिने दाबी गरेका छन् । एमडिएमएसमा दर्ता नभएका मोबाइल नै नचल्ने अबस्था रहने भएको छ भने एमडिएमएसमा दर्ता भएका फोनको विवरण तुरुन्त थाहा पाउन सकिने भएकाले मोबाइलको दूरुपयोग गरी हुने अपराध र अपराधी पत्ता लगाउन सजिलो हुने व्यवसायीहरुले बताएका छन्। मोबाइल फोन आयातकर्ता संघका अध्यक्ष समेत रहेका नेपाल चेम्वर अफ कमर्शका उपाध्यक्ष दिपक कुमार मलहोत्राले एमडिएमएस प्रणाली लागु भएपछि मोबाइल कारोबार पारदर्शी हुने दाबी गरे । नेपालमा सेकेण्ड ह्याण्ड मोवाइल नेपालमा कुनै पनि बस्तु सेकेण्ड ह्याण्ड आयात गर्न नपाउने अबस्थामा मोवाइल फोन भने रातारात आयात हुने गरेको अध्यक्ष मलहोत्राले दाबी गरे ।

सेकेण्ड ह्याण्ड मोवाइल भन्सारबाट भित्रिदा कर छलि भएको उनको भनाई थियो । खुलेहाम फेसवुक लगायतका सामाजिक सञ्जालमा सेकेण्ड ह्याण्ड मोबाइल बिक्रि हुदै आएको अध्यक्ष मलहोत्राले बताए । यसमा सरकारलाई खुले आम च्यालेन्ज गर्दा पनि यसको नियमन नहुँदा आम सर्वसाधारण जनता ठगिएको उनले बताए ।

हाल बैंकहरुको व्याजदर बढ्नु व्यापारमा कम मार्जिन हुनुले देशको अर्थतन्त्र निकै धरासायी भएको अध्यक्ष मलहोत्राले बताए । अहिलेको अबस्थामा बैंक तथा विक्तिय क्षेत्रबाट कर्जा लियर व्यवसायि प्रबर्द्धन गर्न निकै कठिन हुने भएको उनले जनाए । राज्यको कारण हाल देशको अर्थतन्त्र धरासायि भएको मलहोत्राले बताए । हचुवाको भरमा बस्तु आयातमा रोक लगाउनुले राज्यको कारण करिब १० महिनामा ८० अर्ब राजश्व गुमेको उनले दाबी गरे । चोरी पैठारिका मोबाइलको कारोवारको कारण मोबाइल बिक्रिवितरणमा समस्या भएको अध्यक्ष मलहोत्राले बताए । पेट्रोलियम पदार्थ पछि मोबाइल आयात हुँदा राज्यलाई धेरै राजश्व संकलन हुने गरेको उनले जनाए । एमडीएमएस प्रविधि जडानमा ढिलाई, अनियन्त्रित बजार साथै अवैध फोनको तिव्र बिक्रि वितरणले मोबाइल व्यवसायीलाई थप चुनौति थपिएको उनले दाबी गरे । पोखरा उद्योग बाणिज्य संघका उपमहासचिव शोभा गौतमले बजारमा हुने अनियमित बिरुद्ध आम नागरिक सचेत हुनुपर्ने बताइन्। सगरमाथा लुम्बिनी इन्स्योरेन्सका डिजीएम विराज पौडेलले धेरै क्षेत्रमा जोखिम बढेकोले बिमाको महत्व झन बढेको बताए । गण्डकी प्रदेशको राजधानि पोखरा र यस क्षेत्रमा पनि अवैध मोवाइल कारोवार भएको बरिष्ठ उपाध्यक्ष शिव पहारीले बताए ।

नेपाल मोबाइल व्यवसायी महासंघ गण्डकी प्रदेशका अध्यक्ष उदय केसीले मोबाइल क्षेत्रमा कम बिक्रि र कम मार्जिन हुदा व्यवसायी मर्कामा परेको गुनासो गरे । संघका अध्यक्ष दिनेश चुल्याद्योको अध्यक्षतामा शनिबार पोखरामा साधारण सभा सम्पन्न भएको संघका महासचिव रघु त्रिपाठीले बताए ।

# विश्व भेटेरिनरी दिवसमा पोखरा जुलोजिकल पार्कमा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख



नेपाल भेटेरिनरी एशोसियसन गण्डकी प्रदेशले विश्व भेटेरिनरी दिवस २०२३ को अवसर पारी पोखरा जुलोजिकल पार्क वन्यजन्तु उद्धार केन्द्रको अवलोकन सँगै अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

दिवसको अवसर पारी एशोसियसनले पशु चिकित्सा पेशामा विविधता, समानता र समावेशीताको प्रवर्द्धन भन्ने मुल नाराका साथ उक्त कार्यक्रमको आयोजना गरेको हो । सो अवसरमा वोल्दै नेपाल सरकार पशु सेवा विभागका उप महानिर्देशक डाक्टर प्रेरणा सेढाइ भट्टराइले भेटेरिनरीमा आवद्ध चिकित्सिकहरुले पेशागत रुपमा विविध क्षेत्रमा काम गर्दै आइरहदा भेटेरिनरी दिवस २०२३ को अवसर पारी बन्यजन्तुको क्षेत्रलाई समेत समेटेर अगाडी लैजान खोजेकोमा धन्यवाद ब्यक्त गरे। संधै घरपालुवा जनवारको क्षेत्रम काम गर्दै आइरहेको चिकित्सकहरुले बन्यजन्तुको क्षेत्रमा समेत अगाडी वढिरहदा उनीहरुले आफ्नो क्षमता अभिवृद्धिमा समेत सहयोग पुग्ने वताउदै भट्टराइले पोखरामा निर्माणाधिन जुलोजिकल पार्कको प्रवर्द्धनमा समेत कार्यक्रमले टेवा पुऱ्याउने बताइन । त्यस्तै पोखरा जुलोजिकल पार्कका भेटेरिनरी अफिसर डाक्टर किशोर आचार्यले पोखरामा निर्माणाधिन जुलोजिकल पार्कमा आएर नेपाल भेटेरिनरी एशोसियसन गण्डकी प्रदेशले अवलोकन सँगै कार्यक्रम गरी त्यहां रहेका जीवजन्तुको बारेमा जानकारी लिएकोमा धन्यवाद ब्यक्त गरे । गण्डकी प्रदेशमा घाइते अवस्थामा फेला परेका बन्यजन्तुलाई उद्धार गरी राखिएको पोखरा जुलोजिकल पार्कलाई लक्षित गरी एशोसियसनले प्रदान गरेको औषधीजन्य सामाग्रीले त्यहां रहेका घाइते बन्यजन्तुलाई राहत पुग्ने उनको भनाइ रहेको थियो । पोखरामा रहेको युनाइटेड क्लबको पहलमा २०७२ सालमा सिलान्यास भइ सुरु भएको जुलोजिकल पार्कमा हाल २२ प्रजातिका बन्यजन्तु रहेको वताउदै आचार्यले उद्धार गरी ल्याइएका बन्यजन्तुलाई उपचार पछि खुल्ला बासस्थानमा छोडिने गरेको वताए । त्यसैगरी जुलोजिलक पार्कलाई अध्ययन केन्द्र बनाइ लोप हुन लागेको बन्यजन्तुको प्रजनन केन्द्रको रुपमा समेत जुलोजिकल पार्कलाई लक्षिगरिएको आचार्यले वताए । आगामी आर्थिक वर्षमा उक्त क्षेत्रमा बाघ र भालु समेत ल्याएर राख्ने योजनामा आफुहरु रहेको उनको भनाइ रहेको थियो ।

त्यस्तै अन्नपूर्ण संरक्षण क्षेत्र एक्यापमा कार्यरत भेटेरिनरी डाक्टर सुरेश नेपालीले घरपालुवा जनावारको मात्र नभइ बन्यजन्तुको संरक्षणमा भेटेरिनरीयनहरु लाग्नुपर्नेमा जोड दिए । घरपालुवा भन्दापनि पछिल्लो समय मानिस र जंगली जनावर बीच द्धन्द्ध बढेका कारण बन्यजन्तुहरु घाइते अवस्थामा भेटिने क्रम वढ्दो रुपमा रहेको वताउदै नेपालीले त्यसतर्फ सम्पूर्ण भेटेरिनरीयनहरु लागेको खण्डमा समयमानै जन्यजन्तुको उद्धार हुन सक्ने वताए । बन्यजन्तुकै माध्यामबाट घरपालुवा जनवार हरुमा विभिन्न सरुवा रोगहरु आउने भएकाले बन्यजन्तुको संक्रमणबाट घरपालुवा जनवारलाई जोगाउनुपर्ने उनको भनाइ रहेको थियो ।

नेपाल भेटेरिनरी एशोसियसन गण्डकी प्रदेशका अध्यक्ष डाक्टर राजेश चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका उपाध्यक्ष डाक्टर भाजुराम महतोले स्वागत मन्तब्य राखेका थिएभने संस्थाका सचिज डाक्टर अविनाश भट्टराइले कार्यक्रमको सञ्चालन गरेका थिए । सो अवसरमा नेपाल भेटेरिनरी एशोसियसनमा आवद्ध सदस्यहरुलाई पोखरा जुलोजिकल पार्कका भेटेरिनरी अफिसर डाक्टर किशोर आचार्यले बन्यजन्तु उद्धारको वेलामा प्रयोग गरिने डार्ट गनको प्रयोगको वारेमा प्रयोगात्मक प्रशिक्षण समेत प्रदान गरिएको थियो ।

# ट्रेड युनियन कांग्रेसको जिल्ला अधिवेशन तयारी पुरा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




नेपाल ट्रेड युनियन कांग्रेस कास्कीको ७ औं जिल्ला अधिवेशनको तयारी पुरा भएको छ ।

शनिबार पत्रकार सम्मेलन गर्दै जिल्ला भरका ७ हजार बढि श्रमिक आवद्ध रहेको एटियुसीको जिल्ला अधिवेशन अन्तर्राट्रिय श्रमिक दिवसका दिन हुने जिल्ला अध्यक्ष विजयराज भण्डारीले जानकारी दिए। नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियार प्रमुख अतिथि रहने छन् । २ सय ५० जना अधिवेसन प्रतिनिधि रहने कार्यक्रममा जिल्लामा आवद्ध १८ वटा प्रतिष्ठानबाट पर्यवेक्षकका रुपमा सहभागिता रहने सचिव रुद्रप्रसाद तिमिल्सिनाले जानकारी दिए । ह्वाईट हाउस पार्टी प्यालेस सिर्जनाचोकमा सोमबार विहानदेखि हुने कार्यक्रममा सचिव र कोषाध्यक्षको प्रतिवेदन र नयाँ नेतृत्व चयन हुने छ ।

श्रमिकहरुको हक अधिकार प्राप्ती, समस्या समाधानको लागि संगठित प्रजातान्त्रिक विचार धारामा विश्वास गर्ने श्रमिकहरुको एकतामा अधिवेशनले जोड दिने छ । ४ वर्षे कार्यकाल रहने नयाँ नेतृत्व आवद्ध १८ वटा प्रतिष्ठानबाट आएका प्रतिनिधिबाट चुनिने छ । नयाँ नेतृत्व चयनसँगै केन्द्रीय प्रतिनिधि, प्रदेश प्रतिनिधि, महिला समिति, युवा समिति समेत चयन हुनेछ । पत्रकार सम्मेलनमा उठेका प्रश्नहरुको जवाफ नेपाल ट्रेड युनियन कांग्रेस गण्डकी प्रदेश अध्यक्ष मुरारी शर्मा, नेका महाधिवेशन प्रतिनिधि एवं एटियुसी कास्कीका निवर्तमान अध्यक्ष कुलदेवी बराल, केन्द्रीय सदस्य जीतबहादुर गुरुङ, प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेल, एनटियुसीका पूर्व अध्यक्ष शिवराज अधिकारी, टंक अधिकारी लगायतले जवाफ दिएका थिए ।

पत्रकार सम्मेलनमा श्रमिकका मुद्धा राजनीतिक दलले कमजोर बनाउने काम गरे चुप लागेर नबस्ने चेतावनी समेत दिइएको थियो । दिनानुदिन श्रमिकलाई राज्यले उपेक्षा गरिरहेको चर्चा चलिरहँदा नेपाल ट्रेड युनियन कांग्रेसले श्रमिक मैत्री राज्यको नारा बोकेर अधिवेशनमा होमिएको जिल्ला अध्यक्ष विजयराज भण्डारीले बताए ।

# अम्बर...

सांस्कृतिक परिवारका अध्यक्ष उपेन्द्र पौडेलले जानकारी दिनुभयो । छ दशकदेखि निरन्तर गीत लेखनमा साधनारत खरेलले नेपाली सङ्गीतजगत्मा पुऱ्याएको विशिष्ट योगदानका लागि पुरस्कार प्रदान गर्न लागिएको उहाँको भनाइ छ ।

पुरस्कारमा नगदसहित ताम्रपत्र र दोसल्ला रहनेछ । साहित्य, कला र सङ्गीतको उत्थानमा क्रियाशील परिवारले नेपाली सङ्गीत क्षेत्रका शिखर व्यक्तित्व अम्बर गुरुङको स्मृति एवम् सम्मानमा गत वर्ष उक्त पुरस्कार स्थापना गरेको थियो । दिवङ्गत गुरुङ नेपाली राष्ट्रगानका सङ्गीतकार, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका संस्थापक कुलपतिसमेत हुनुहुन्छ ।

पुरस्कारको कोषमा रु २० लाख रहेको परिवारले जनाएको छ । कोष स्थापनामा विभिन्न सङ्घसंस्था र व्यक्तिले हातेमालो गरेको अध्यक्ष पौडेलले उल्लेख गर्नुभयो । पुरस्कार कोषलाई बढाएर रु २५ लाख पुऱ्याउने लक्ष्य लिइएको छ ।

# अक्षरयात्राको १९८ औं श्रृंखला पर्वतीय संग्राहलयमा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख




"जीवन र जगतको यथार्थवोधका लागि अक्षरयात्रा" भन्ने उद्धोषका साथ गजल सन्ध्या र नवनीत साहित्य सागरद्वारा प्रत्येक महिनाको तेश्रो शनिवार संचालन हुँदै आइरहेको साहित्यिक कार्यक्रम "अक्षरयात्रा" को १९८ औं श्रृंखला शनिबार पोखरा घारिपाटन अवस्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्राहलयमा तत्स्थानमा सिर्जित रचना वाचन गरी सुसम्पन्न भयो ।

अक्षरयात्राको परिकल्पनाकार मध्येका एक दीपक समीपले विगत अठार वर्षदेखि अविच्छिन्न रुपमा संचालन हुँदै आएको कार्यक्रममा विगतमा आएको वैश्विक महामारी कोरोनाको कारणले लगभग एक वर्ष रोकिनु परेको कुरा बताउँदै अन्तर्राष्ट्रिय पर्वतीय संग्राहलयमा विगतमा पनि कार्यक्रम संचालन गर्दा हार्दिकतापूर्वक स्वागत गरेकोमा आभार व्यक्त गर्नुभयो । संग्रहालयका प्रमुख निर्मला न्यौपानेले संग्रहालयले हरेक समय अक्षरयात्रीहरुलाई स्वागत गर्ने बताउँदै आभार प्रकट गर्नुभयो । अक्षरयात्राका अर्को परिकल्पनाकार लक्ष्मण थापा, नेपाली लेखक संघ, गण्डकी प्रदेशका महासचिव संजीव पौडेल, मुक्तकमन्च, केन्द्रीय अध्यक्ष रामजीप्रसाद आचार्य, संगम संगीत समितिका अध्यक्ष काजी गाउँले, सूरज पौडेल, रोष नास्तिक, कपिल शर्मा, बिकाश लुँगेली,अमृत क्षेत्री र वसन्त विनोदले आ-आफ्ना सिर्जना वाचन गरेका थिए । कार्यक्रमको अध्यक्षता गजलसन्ध्याका अध्यक्ष वसन्त विनोदले गरेका थिए भनें संचालन सूरज उपाध्यायले गरेका थिए ।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ ।

- विदुरनीति

## सम्पादकीय

# संसदलाई जनताको सेवक बनाउ

प्रतिनिधि सभा सञ्चालन भएको भन्डै ५ महिनामा एउटा विधेयक पारित नगरी अधिवेशन अन्त्य भएको छ । कानुन निर्माण गर्ने अधिवेशनको रूपमा रहेको संसद्को यो हिउँदे अधिवेशनमा २ पटक प्रधानमन्त्रीले संसद्मा विश्वासको मत लिनु सिवाय खासै उपलब्धि भएन । प्रतिनिधि सभाको निर्वाचन सम्पन्न भएको एक महिनापछि पुस ७ गते प्रतिनिधि सभामा नवनिर्वाचित सांसदहरूले ज्येष्ठ सदस्य पशुपति शमशेर राणाबाट शपथ लिएका थिए । त्यसपछि एकैचोटी पुस २५ गते प्रतिनिधि सभाको पहिलो बैठक बसेको थियो भने वैशाख १५ गते यो हिउँदे अधिवेशनको अन्तिम बैठक बसेको थियो । संसद्को यो हिउँदे अधिवेशन ११० दिन चालु रह्यो । यो अवधिमा २८ दिनमा प्रतिनिधि सभाको २८ पटक बैठक बसी जम्मा ९१ घण्टा ३० मिनेट संसदीय काम कारबाही सञ्चालन भयो । यस्तै गत माघ २७ गते संघीय संसद्को संयुक्त सदनको एउटा बैठक ५० मिनेट सञ्चालन भएको थियो ।

यो अवधिमा प्रतिनिधि सभाले आफ्नो लागि नियमावली बनाउनु बाहेक अरू कुनै पनि कानुन निर्माण गर्न सकेन । प्रतिनिधि सभाको पहिलो हिउँदे अधिवेशनका उपलब्धिका रूपमा सभामुख र उपसभामुखको निर्वाचन, प्रधानमन्त्रीले २ पटक विश्वासको मत लिनु र सभाले आफ्नो कार्य सञ्चालनका लागि नियमावली बनाउनु बाहेक अरू उल्लेखनीय काम गर्न सकेन । संसद्को आकस्मिक समय, शून्य समय र विशेष समयमा सांसदहरूले उठाएका प्रश्नहरूको सरकारले चित्त बुझ्ने गरी जवाफ दिन नसक्दा सांसदहरू असन्तुष्ट रहे ।

प्रतिनिधि सभाको पहिलो अधिवेशनमा प्रधानमन्त्री प्रचण्डले २ पटक विश्वासको मत पाएका छन् । गत पुस २६ गते उनले प्रतिनिधि सभाबाट २ तिहाइ सांसदको समर्थन पाएका थिए । विश्वासको मतको प्रस्तावको पक्षमा उनले २६८ मत पाएका थिए । यस्तै प्रधानमन्त्रीले दोस्रो पटक गत चैत ६ गतेको प्रतिनिधि सभा बैठकमा विश्वासको मत लिए । उनको पक्षमा १७२ बहुमत सांसदले विश्वासको मत दिएका थिए । पहिलो पटक नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा लगायत दलको समर्थनमा प्रधानमन्त्री बनेका प्रचण्डलाई विश्वासको मत दिने क्रममा कांग्रेसले समेत समर्थन गरेको थियो । राष्ट्रपतिको निर्वाचनका क्रममा माओवादीले एमालेको साथ छोडेर कांग्रेसका उम्मेदवारलाई समर्थन गरेपछि एमालेसँगको गठबन्धन भत्किएको थियो । एमाले सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्डले कांग्रेसलाई सरकारमा सहभागी गराएर मन्त्रीपरिषद् बिस्तार गरेका थिए । प्रधानमन्त्रीले पटक पटक मन्त्रीपरिषद् बिस्तार गरे पनि अझै ४ मन्त्रालयले आफ्नै सम्हालेका छन् । मन्त्रिपरिषद् गठनले अझै पूर्णता पाउन सकेको छैन । प्रधानमन्त्रीले खानेपानी, वन तथा वातावरण, युवा तथा खेलकुद, स्वास्थ्य तथा जनसंख्या आफैँले राखेका छन् ।

हिउँदे अधिवेशनको यो अवधिमा प्रतिनिधि सभामा दर्ता भएका ३ विधेयक सभामा प्रस्तुत मात्र भए त्यसभन्दा अगाडिको चरणमा जान सकेनन् । यस्तै राष्ट्रिय सभाबाट सन्देश सहित प्रतिनिधि सभामा आएका ७ विधेयक पनि अघि बढेनन् । संवैधानिक परिषद् सम्बन्धी विधेयक अघि नबढ्दा सर्वोच्च अदालतमा १४ महिनादेखि खाली रहेको प्रधानन्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढ्न सकेन । सत्ताघटक दल नेपाली कांग्रेस, माओवादी केन्द्र र प्रमुख प्रतिपक्षी दल एमालेबीच सहमति नजुट्दा यो विधेयकका साथै सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकपनि अघि बढ्न सकेन । संसद् सञ्चालन भएको ४ महिना बित्दा पनि विषयगत संसदीय समिति बन्न नसक्दा प्रतिनिधि सभामा उत्पत्ति भएका विधेयक र राष्ट्रिय सभाबाट सन्देश सहित आएका यी विधेयकहरूमाथि दफावार छलफलको काम अघि बढ्न सकेन ।

हिउँदे अधिवेशनको अन्तिम दिन अर्थात् वैशाख १५ गते संसदीय समिति गठन भएपछि ती विधेयकहरू दफावार छलफलका लागि समितिमा पठाउने निर्णय भएको छ । प्रतिनिधि सभामा उत्पत्ति भएको सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धन सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक, २०७९, संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९ र बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने काम भएको छ ।

यस्तै राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा सन्देश सहित आएको अनुगमन तथा मूल्याङ्कन विधेयक, अभिलेख संरक्षण (पहिलो संशोधन) विधेयक, खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, सार्वजनिक सेवा प्रसारण विधेयक, सुरक्षण मुद्रण सम्बन्धी विधेयक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाउने निर्णय भएको छ । भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक माथि सभामा सैद्धान्तिक छलफल भएको छ । आम निर्वाचनबाट चुनिएका संघीय संसद्लाई प्रभावकारी बनाउन सत्तारुढ दल र विपक्षी दलबीच प्रतिस्पर्धा हुनुपर्छ । सत्ताको दाउपेच बाहेक सांगठनिक सुधार र जनताको चाहना अनुरुप संसदलाई जनताको सेवक बनाउन ठूला दलले अग्रसरता लिनु आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाव |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : व्यापारमा लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाली भाषा शिक्षक परिषद्को पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यक्रम

**पोखरापत्र संवाददाता**

पोखरा, १६ वैशाख

'भाषा सभ्यताको संवाहक हो' भन्ने मूल मन्त्रका साथ स्थापना भएर नेपाली भाषा शिक्षणसँग सम्बन्धित विभिन्न शिक्षककेन्द्रित र विद्यार्थीकेन्द्रित कार्यक्रम गर्दै आएको नेपाली भाषा शिक्षक परिषद्, कास्की, नेपालले परिवर्तित कक्षा ५, ८ र १० को पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आधारित रहेर नेपाली भाषा शिक्षण गर्ने शिक्षकशिक्षिकाहरूको सहभागिता र पाठ्यक्रमविद् इन्दु खनालको सहजीकरणमा पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रबोधीकरण कार्यक्रम सम्पन्न गरेको छ ।



उक्त कार्यक्रमका प्रमुख अतिथि एवम् शिक्षा विकास तथा समन्वय इकाई, कास्कीका प्रमुख नारायणप्रसाद सुवेदीले शुभकामना मन्तव्य राख्दै नेपाली भाषा शिक्षक परिषद्ले समय समयमा शिक्षकको पेसागत अभिवृद्धि ,भाषा विकास र विद्यार्थीलक्षित कार्यक्रम गरेर पुऱ्याएको योगदानको प्रशंसा गर्दै यस्ता कार्यक्रममा आफ्नो सधैं साथ रहने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा सल्लाहकार एवम् संस्थापक अध्यक्ष माधवशरण उपाध्याय, प्याब्सन कास्कीका अध्यक्ष मथुराप्रसाद पौडेल, कुमुदिनी होम्स माध्यमिक विद्यालयका संस्थापक निर्देशक अशोक पालिखेलगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो । कुमुदिनी होम्स मा. वि.को सभाहलमा सम्पन्न उक्त कार्यक्रममा विभिन्न विद्यालयमा अध्यापनरत दुई सयभन्दा बढी शिक्षकशिक्षिकाहरूको सहभागी भई लाभान्वित भएको जानकारी संस्थाका उपाध्यक्ष विक्रम पौडेलले दिनुभयो ।

परिषद्का अध्यक्ष डिल्लीराम अर्यालको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा वरिष्ठ उपाध्यक्ष सूर्यप्रसाद लम्सालले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन महासचिव शिवहरि सुवेदीले गर्नुभएको जानकारी परिषद्का सचिव नारायणप्रसाद पराजुलीले दिनुभयो ।

# चन्दा जुटाएर खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**

म्याग्दी, १६ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ घराम्दीमा सरकारी निकायको अनुदानको तुलनामा दोब्बर चन्दा सङ्कलन गरेर खेलमैदान निर्माण गरिएको छ ।

घराम्दीको पेरी भारानी युवा क्लबले चन्दा सङ्कलन र दाताको सहयोग जुटाएर भलिबल र बास्केटबल खेल सञ्चालन गर्न मिल्ने व्यवस्थित खेल मैदान बनाएका हुन् । क्लबका अध्यक्ष अमृत गर्बुजाले गाउँपालिकाबाट रु १४ लाख ३० हजार अनुदान प्राप्त भएको जानकारी दिनुभयो । खेलमैदान बनाउन समुदायस्तरबाट रु ३४ लाख ७७ हजार सहयोग जुटेको छ । "खेतबारी र घरको आँगनमा खेलको अभ्यास गर्नुपर्ने समस्या हटाउन खेलमैदान बनाएका हौँ", उहाँले भन्नुभयो, "गाउँपालिकाले दिएको अनुदानभन्दा बढी चन्दा र श्रमदान जुटेको छ ।" खेलमैदान निर्माण भएपछि भलिबल, बास्केटललगायत खेलको अभ्यास, फुर्सदको समय सदुपयोग र प्रतियोगिता तथा सभासमारोह आयोजना गर्न सहज भएको स्थानीय नवीन फगामीले बताउनुभयो ।

घराम्दी घर भई हाल बेलायत बस्ने होमबहादुर फगामीले रु चार लाख ५० हजारमा किनेर क्लबलाई उपलब्ध गराएको चार रोपनी जगगामा ३० मिटर लम्बाइ र १७ मिटर चौडाइ भएको खेलमैदान निर्माण गरिएको हो । खेलमैदान निर्माणका लागि फगामीले थप रु दुई लाख सहयोग गर्नुभएको छ । उहाँसहित स्वदेश तथा विदेशमा रहेका घराम्दीवासीले रु २७ लाख सहयोग गरेका छन् ।

गाउँका भूतपूर्व सैनिकले रु तीन लाख २७ हजार खर्चेर खेलमैदान परिसरमा सार्वजनिक शौचालय निर्माण गरेका छन् । गाउँपालिकाले प्यारापिट, घेराबार र स्टेज बनाउन रु १४ लाख ३० हजार सहयोग गरेको छ । अनुदान र चन्दाका अलावा एक सय परिवारको बसोबास रहेको घराम्दीका बासिन्दाले १०/१० दिनभन्दा बढीका दरले श्रमदान पनि गरेका छन् ।

चालु आर्थिक वर्षमा गाउँपालिकाबाट स्टेज बनाउन रु सात लाख ५० हजार बिनियोजन भएको वडाध्यक्ष मइलन पुर्जाले बताउनुभयो । उहाँका अनुसार यसअघि आव २०७८/७९ मा रु दुई लाख ८० हजार, आव २०७७/७८ मा रु तीन लाख र आव २०७६/७७ मा रु एक लाख सहयोग गरिएको थियो ।

"गाउँपालिकाको अनुदानको तुलनामा दोब्बर बढी चन्दा र श्रमदान जुटाएर घराम्दीवासीले जनसहभागिताको नमूना प्रस्तुत गरेका छन", वडाध्यक्ष पुर्जाले भन्नुभयो ।

# जय शिव भोलाको म्यूजिक भिडियो सार्वजनिक

**पोखरापत्र संवाददाता**

पोखरा, १६ बैशाख

भजन सङ्ग्रह जय शिव भोलाको म्यूजिक भिडियो सार्वजनिक गरिएको छ ।

म्यूजिकभिडियोमादिग्दर्शक वाचन शिरोमणि पण्डित दीपक सापकोटाको लय, शब्द रहेको छ । भजनमा स्वयम सापकोटासहित वरिष्ठ भजन गायक श्रीराम अधिकारी र वरिष्ठ गायिका मनमाया वाइवाको स्वर रहेको छ । भिडियो धार्मिक व्यक्तित्व केश बहादुर वि.क (लोहनी) ले निर्माण र प्रेम थापाले निर्देशन, छायांकन,सम्पादन गर्नुभएको हो । भजनमा भगवान्



शिवको महत्व तथा महिमाको चर्चा गरिएको छ । भिडियो पोखराको काँहुफेदीस्थित रानीवगरमा छायांकन गरिएको हो । भजनको ऐरेन्ज फ्ल्याक सङ्गितमूले गरेका हुन् । पोखरामा आयोजित कार्यक्रममा प्रा.तारा बरालले म्यूजिक भिडियो सार्वजनीक गर्नुभयो । उहाँले धर्म, संस्कृतिको जगेर्नाका लागि महत्वपूर्ण काम भएको उल्लेख गर्नुभयो । कार्यक्रममा निर्माता केश बहादुर वि.कले भिडियोमा संलग्न गायक, गायिका तथा सङ्गितकर्मीहरुलाई सम्मान गर्नुभएको थियो ।

# सारङ्गी वादन प्रतियोगितामा कास्कीका गोविन्द गायक प्रथम

**पोखरापत्र संवाददाता**

पोखरा, १६ बैशाख

पोखरामा आयोजित सारङ्गी वादन प्रतियोगितामा कास्कीका गोविन्द गायक प्रथम हुनुभएको छ । लोकगायक स्व झलकमान गन्धर्वको ८८औं जन्मजयन्तीका अवसरमा आयोजना गरिएको प्रतियोगितामा ३५ प्रतिस्पर्धीलाई पछि पार्दै गोविन्द प्रथम हुनुभएको हो ।

नेपाल गन्धर्व समुदाय विकास केन्द्र र झलकमान गन्धर्व सारङ्गी पाठशाला संयुक्त आयोजनामा पोखरा सभागृह हलमा भएको फाइनलमा उहाँले दुई सय ८९ दशमलव पाँच नम्बर पाउनुभएको थियो । प्रथम हुनुभएका गोविन्दले उपाधिसहित रु ३५ हजार र प्रमाणपत्र प्राप्त गर्नुभयो । द्वितीय हुनुभएका बागलुङका राजेश गन्धर्वले दुई सय ८७ दशमलव पाँच र तृतीय हुनुभएका कास्कीके विमल गायकले दुई सय ८२ अङ्क प्राप्त गर्नुभयो । राजेशले रु २५ हजार र विमलले रु १५ हजार पुरस्कार पाउनुभयो ।

दुई सय ८१ अङ्क ल्याउँदै गोरखका सुमन गन्धारी चौथो हुनुभयो । उहाँले रु सात हजार पाँच सय पुरस्कार हात पार्नुभयो । प्रतियोगितामा प्रोत्साहन पुरस्कारस्वरुप तनुहँकी अरुणा गन्धर्वले रु दुई हजार पाँच सय पाउनुभयो । विजेतालाई संस्कृतविद् डा जगमान गुरुङ, नेपाल गन्धर्व समुदाय विकास केन्द्रका अध्यक्ष सूर्यबहादुर गायकले पुरस्कार वितरण गर्नुभएको थियो ।

# वालिङमा अनलाइनबाटै घर नक्सा पास

**पोखरापत्र संवाददाता**

पोखरा, १६ बैशाख

स्याङ्जाको वालिङ नगरपालिकाभित्रका नागरिकले घरको नक्सा पास गर्न नगरपालिका धाउनु नपर्ने भएको छ । सूचीकृत इन्जिनियरिङ कन्सल्टेन्सीमार्फत अब अनलाइनबाटै घरको नक्सा पासको निवेदन दिन सकिने भएको छ । यसबाट सेवाग्राहीलाई सहज भएको छ ।

फाइल बोकेर कार्यालयमा जानुपर्ने झन्झट सकिएको छ । स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको वालिङ नगरपालिकाले नगरभित्रका इन्जिनियरिङ कन्सल्टेन्सीलाई अनलाइन घरनक्सा पास व्यवस्थापन प्रणालीका बारेमा प्रशिक्षण दिई सूचीकृत गरेको नगरपालिकाका सूचना प्रविधि शाखा प्रमुख इन्जिनियर प्रकाश अर्यालले बताउनुभयो ।

नगरपालिकामा हाल सात कन्सल्टेन्सी सूचीकृत गराइएको र सोहीमार्फत अनलाइन घरको नक्सा पास व्यवस्थापन प्रणाली (इबिपिएस) अनुसार काम अगाडि बढिरहेको उहाँले बताउनुभयो । "नगरपालिकाको इबिपिएसमा सूचीकृत भएका कन्सल्टेन्सीमार्फत लाभग्राहीले अनलाइन निवेदन दिनुहुन्छ", अर्यालले भन्नुभयो, "सूचिकृत कन्सल्टेन्सीमार्फत नगरपालिकामा आएका निवेदन तथा आवश्यक कागजात रुजु गर्ने, सम्बन्धित फाँटमा सिफारिस गर्नेजस्ता चरण पार गर्दै शाखा प्रमुखले दस्तखत गरेपश्चात् प्रमुख प्रशासकीय अधिकृतले दस्तखत गरी स्वीकृत हुने गर्छ ।"

अनलाइन माध्यमबाटै घरनक्सा पासको रकम भुक्तानीको व्यवस्थापन, डिजिटल दस्तखतको प्रयोगमा जोड दिँदै आगामी दिनमा यसलाई अझै प्रभावकारी तरिकाले अगाडि बढाउने तयारी भइरहेको अर्यालले बताउनुभयो । फाइल बोकेर सेवाग्राही कार्यालयसम्म आउन नपर्ने, काम छिटो छरितो र पारदर्शी हुने, कागजातहरू अनलाईनमै सुरक्षित रहने भएकाले पछि खोज्दा सजिलै प्राप्त गर्न सकिने भएकाले पनि इबिपिएस प्रभावकारी बन्दै गएको उहाँले बताउनुभयो ।

वालिङस्थित इन्जिनियरिङ कन्सल्टेन्सीलाई विभिन्न चरणमा प्रशिक्षण दिएर अनलाइन घर नक्सा पास व्यवस्थापन प्रणालीको सुरुआत गरिएको नगरपालिकाका घर नक्सा शाखाका कम्प्युटर अपरेटर रञ्जित पौडेल बताउनुहुन्छ । अनलाइन घरनक्सा पास व्यवस्थापन प्रणाली लागू भएसँगै चालु आर्थिक वर्षमा २०७२ सालको मापदण्ड अनुसार ६०, नियमित अभिलेखीकरण (भूकम्प) २७ र ८५ वटा दर्ता पास भएका अपरेटर पौडेलले बताउनुभयो ।

अनलाइनबाट गरिने घर नक्सा पास प्रणाली प्रभावकारी बन्दै गएको वालिङ इन्जिनियरिङ कन्सल्टेन्सी प्रालिका प्रबन्ध निर्देशक तथा सिभिल इन्जिनियर शङ्कर बस्यालले बताउनुभयो । "यो प्रणाली नयाँ र प्रयोगमा भर्खरै आएकाले पनि सेवाग्राहीलाई बुझाउन सकिएको छैन", उहाँले भन्नुभयो, "अनलाइन माध्यमबाट काम हुने भएकाले आफ्नै पद्धतिबाट काम हुन्छ, राम्रो छ, बुझ्दै जाँदा झनै प्रभाव बढ्दै जान्छ भने सेवाग्राहीलाई सहजता हुन्छ ।"

अनलाइन प्रणालीबाट काम गर्दा कागजातका विवरण भर्दै जाँदा अपुग भएका वा नमिलेका विषय पत्ता लाग्ने भएकाले तत्कालै सच्याउन सकिन्छ । सेवाग्राहीले निवेदन दिएपश्चात् आफ्नो 'युजर र लगइन' को प्रयोग गरेर फाइल कुन शाखामा पुगेको छ भनी घरमै बसेर जानकारीसमेत लिन सकिने सुविधा रहेको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ३३ बुढीपोखरीदेखि निलकण्ठेश्वर महादेव मन्दिर जाने सडक स्तर उन्नति निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नामः बुढीपोखरीदेखि निलकण्ठेश्वर महादेव मन्दिर जाने सडक स्तर उन्नति**

**स्थानः पोखरा-३३ बुढीपोखरी, कास्की**

**योजना सम्झौता मिति : २०७९/११/१० गते**

**योजना सुरु हुने मिति : २०७९/११/११ गते**

**योजना सम्पन्न हुने मितिः २०८०/०१/१५ गते**

**योजनाको कुल लागत : रु. ५,५६,३२५.२३।-**

**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ५,००,०००।-**

**जन सहभागितावाट : रु. ५६,३२५.२३।-**

**उपभोक्ता समिति अध्यक्षः श्री कृष्ण प्रसाद आचार्य**

**मो.नं. ९८४६४१९८४०२**

**जम्मा सदस्य संख्याः ५ महिला संख्याः २, पुरुषः ३**

**बुढीपोखरीदेखि निलकण्ठेश्वर महादेव मन्दिर जाने सडक स्तर उन्नति उपभोक्ता समिति पोखरा-३३, कास्की**

# माध्यमिक तह जिल्ला स्तरीय चित्रकला प्रतियोगिताको प्रचारप्रसारका साइकल यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

वैशाख २२ गते २५६७ औं वुद्ध जयन्तीको अवसरमा सिता एण्ड सन्सको आयोजनामा हुन गइ रहेको अन्तर माध्यमिक कास्की जिल्ला स्तरिय चित्रकला प्रतियोगिताको प्रचार प्रसार एवम् सफलता शुभकामना स्कुल बाट स्कुल सम्म साइकल यात्रा सम्पन्न भएको छ।

८ वर्षिय बालिका आरोही बरालले साइकल चलाएर साइकल यात्रा उद्घाटन गरिन। पोखरा ७ मासबार स्थित श्री कृष्ण मा.वि देखि सुरु भएको साइकल यात्रा छोरेपाटन, वयली, दोपहरे, क्रिस्ती, शिवालय,



निर्मलपोखरी, साम्मि, जिब्रेढुङ्गा, सुरताने, डाडा गाम, वनपाले, बरविरता हुदै सेती नदि र सुरौदी खोलाको विचमा पोखरा ३३ भरतपोखरी स्थित श्री शान्ति उदय मा.वि, महारुद्र मन्दिर सम्म पुगेर सम्पन्न भएको थियो।

साइकल सिटी पोखराको संयोजनमा ३९ जनाको साइकल यात्रीको टोलीलाई पोखरा ३३ का स्थानिय आमा समुह, युवा क्लब, स्काउट लगाएत विधालय व्यवस्थापन समितिका पदाधिकारी तथा विद्यार्थीहरुले फूल, मालाले भव्य स्वागत गर्दै खाना र विभिन्न सास्कृतिक नृत्यले मनोरञ्जन गराए। कार्यक्रमलाई थप मनोरञ्जनात्मक बनाउन आयोजक सिता एण्ड सन्सले स्लो साइकल रेस र स्थानियका लागि घैटो फुटाउने प्रतियोगिता गराएर विभिन्न पुरस्कारको पनि व्यवस्था गराएको थियो।

वैशाख २२ गते पोखरा ७ मासबार स्थित श्री कृष्ण मा.विमा हुने चित्रकला प्रतियोगितामा हरेक विद्यालयबाट कक्षा १० सम्मका १ जना र कक्षा ११/१२ बाट १ जना गरि २ जना सहभागी हुन सक्ने आयोजक सिता एण्ड सन्सका संचालक रविश्वर आचार्यले जानकारी दिए। चत्रकला प्रतियोगिताको संयोजन सृजनशिल कलाकार समुहले गर्नेछ।

# गुराँस पदमार्ग सञ्चालन

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ बैशाख

म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा गुँरास पदमार्ग सञ्चालन भएको छ। अन्नपूर्ण चक्रीय पदमार्गको घोडेपानी-पुनहिबाट अन्नपूर्ण-धवलागिरि सामुदायिक पदमार्गको मोहरेडाँडा जोड्ने पदमार्ग सञ्चालन भएको हो।

अन्नपूर्ण गाउँपालिकाको वडा नं ६, ७ र ८ लाई समेटेको यो पदमार्गलाई गुराँस 'ट्रेल'का रूपमा विकास गर्न खोजिएको छ। अन्नपूर्ण गाउँपालिका-८ का वडाध्यक्ष खमबहादुर गर्बुजाले घोडेपानी-पुनहिल क्षेत्रको भ्रमणमा आउने पर्यटकको बसाइ लम्बाउन गुराँस ट्रेल सञ्चालन गरिएको बताउनुभयो। "सडक यातायातको पहुँचसँगै छोटिएको अन्नपूर्ण पदयात्रामा आउने पर्यटकको बसाइ लम्बाउन नयाँ पदमार्ग सञ्चालन गरिएको हो", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशकै ठूलो लालीगुराँसको जङ्गलमा भएकाले यसलाई गुराँस ट्रेल नामकरण गर्न प्रस्ताव गरेका छौँ।" गुराँसको जङ्गलको पाखोको बीचमा रहेको डाँडैडाँडामा गोठाला आवतजावत गर्ने पुरानो बाटोलाई पदमार्ग बनाइएको हो। तीनदेखि चार घन्टामा पार गर्न सकिने पुनहिल-मोहरेडाँडा पदमार्गबाट धवलागिरि, अन्नपूर्ण, निलगिरि, माछापुच्छ्रे, मनास्लु हिमशृङ्खला, सूर्योदय, वन्यजन्तु, पशुगोठ, म्याग्दी, पर्वत, कास्की र पर्वतको पहाडी भूगोल, वनस्पति, चराचुरुङ्गी र वन्यजन्तुको अवलोकन गर्न सकिन्छ। एकान्त वातावरणमा दृश्यावलोकन गर्दै पदयात्रा गर्दा पर्यटकले रमाइलो महसुस गर्ने फ्रान्सका पर्यटक भ्रमण गराउन आउनुभएका पर्यटन व्यवसायी दीपन क्षेत्रीले बताउनुभयो।

पर्यटकको सुविधाका लागि बस्तीबाट टाढा रहेको मोहरेडाँडामा ८० जना क्षमताको सामुदायिक लज सञ्चालन भएको छ। लजका व्यवस्थापक नवीन पुनले याममा दैनिकरूपमा पर्यटक आगमन हुने गरेको बताउनुभयो। "चैत-वैशाख र असोज-कात्तिकको याममा पर्यटक दिन खाली नगरी आउँछन्", उहाँले भन्नुभयो, "देशका विभिन्न ठाउँबाट भ्रमणमा आउने आन्तरिक पर्यटकको सङ्ख्या पनि बढ्दो छ।" मोहरेडाडाबाट नागी, फलामेडाँडा, लेस्पार, फूलबारी, करबाकेली, प्यारीभारानी, टिकोट र पुनहिल-घोडेपानी जान सकिन्छ। फलामेडाँडा-मोहरे-पुनहिल-घोडेपानी-घान्द्रुक पदमार्गको भ्रमणमा आएका पोखराका महेश पुनले सहरको कोलाहलबाट टाढा रहेर एकान्त वातावरण र मनमोहक दृष्यावलोकन गर्दै यात्रा गर्न पाएको बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य हरि भण्डारीले प्रदेश सरकारको सशर्त शीर्षकको रु ३० लाख अनुदानबाट गाउँपालिकामार्फत करबाकेली-मोहरेडाँडा पदमार्ग निर्माण थालिएको, घोडेपानी नजिकै कालीसारमा रु २० लाखमा गुराँसपार्क निर्माण भइरहेकोबताउनुभयो।मोहरेडाँडा-पुनहिल गुराँस ट्रेललाई आगामी वर्षको योजनामा समेटिने उहाँले बताउनुभयो।

# पर्वतका सयौँ बाढीपहिरोपीडित पुन:बासको पर्खाइमा

**पोखरापत्र संवाददाता**
पर्वत, १६ बैशाख

पर्वतमा बर्सेनि बाढीपहिराका घटनामा परी दर्जनौँ परिवार घरबारविहीन हुने गरेका छन्। मनसुनजन्य क्षतिबाट घर गुमाएका परिवारका लागि अर्को मनसुन सुरु हुने बेलासम्म पनि पुनःबासको व्यवस्था नहुँदा सयौँ घरपरिवार समस्यामा परेका छन्।

जिल्लाका सातवटै पालिकाका झन्डै छ सय घरपरिवार पुनःबासको पर्खाइमा रहेका छन्। जिल्ला प्रशासन कार्यालयका अनुसार गत वर्ष मनसुन तथा विभिन्न प्राकृतिक विपद्बाट घरबस्ती गुमाएका परिवारको सङ्ख्या झन्डै छ सय हाराहारीमा छ। ती परिवारलाई हालसम्म पुनःबासको व्यवस्था हुनुपर्ने भए पनि स्थानीय तहको बेवास्ताका कारण हुन नसकेको हो। हरेक वर्षात्को समयमा हुने बाढीपहिरो तथा वर्षैँभरि हुने विपद् जन्य क्षतिको विवरण सङ्कलन गर्ने जिम्मा स्थानीय पालिकाको हो। पालिकाले विपद्जन्य क्षतिको व्यवस्थापन र घरबारविहीन परिवारलाई माथिल्लो निकायसँगको सहकार्यमा हरेक हिउँदमा क्षतिग्रस्त घरको पुनःनिर्माण गर्नुपर्ने प्रावधान भए पनि पर्वतमा हुनसकेको छैन।

स्थानीय सरकारको बेवास्ताका कारण अर्को मनसुन सुरु हुने समयसम्म पनि छ सयभन्दा धेरै परिवारले नयाँ घर निर्माणको सुरसारसमेत गर्न नपाएका हुन्। मापदण्डअनुसार पालिकाले गर्नुपर्ने काम सुरु गर्न नसक्दा पीडितले अनुदान पाउन सकेका छैनन्। जिल्लास्थित विपद् व्यवस्थापन समितिमा विवरणसमेत पठाउन नसकेको पीडितहरूले बताएका छन्। विपद् जन्य क्षतिमा घर गुमाएका परिवारले पुनःनिर्माणका लागि रु चार लाख अनुदान पाउने व्यवस्था छ। पीडितको अन्यत्र घर बनाउने जग्गा नभएको अवस्थामा जग्गा खरिदका लागि थप रु तीन लाख प्राप्त गर्ने व्यवस्था छ। विपद्मा परेको घर मर्मत गर्नुपर्ने भएमा रु ५० हजार पाउने उल्लेख गरिएको छ। यसरी पाउने रकममध्ये पालिकाले १५ प्रतिशत र बाँकी रकम गृह मन्त्रालयअन्तर्गतको विपद् व्यवस्थापन महाशाखामार्फत जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने कार्यविधि भए पनि पर्वतमा भने अर्को मनसुन सुरु हुने बेलासम्म कुनै पनि प्रक्रिया अघि बढ्न नसकेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

जिल्ला प्रशासन कार्यालय पर्वतका प्रशासकीय अधिकृत दिलीप सुवेदीका अनुसार गत वर्षको मनसुनका समयमा क्षतिग्रस्त घरको सङ्ख्या छ सयभन्दा धेरै भए पनि अहिलेसम्म कुनै पनि पीडितले राहत पाउन सकेका छैनन्। गत बिहीबार जिल्ला प्रशासन कार्यालयमा भएको विपद्जन्य क्षतिबारे अन्तर्क्रियामा सातै पालिका प्रमुखले चित्तबुझ्दो प्रतिवेदन प्रस्तुत गर्न नसकेको उहाँले बताउनुभयो। "अब यो वर्षको मनसुन सुरु हुने बेला भइसक्यो", सुवेदीले भन्नुभयो, "कुनै पनि पालिकाले गत वर्षको क्षति व्यवस्थापनमा चासो दिएको पाइएन। यो गतिविधिले विपद् जन्य क्षति न्यूनीकरणमा पालिकाको उदासिनता पुष्टि हुन्छ।" उहाँका अनुसार प्रशासनले आयोजना गरेको प्रगति समीक्षासहितको बैठकमा पालिका प्रमुखले राजनीतिक दबाबमा क्षतिग्रस्त घरको सङ्ख्यामात्रै अनावश्यक बढाएर पेस गरेको देखिएको छ।

प्रशासनका अनुसार क्षतिग्रस्त घर निर्माणका लागि स्थानीय पालिकाको सम्बन्धित वडाको स्थलगत प्रतिवेदन र सिफारिस, प्रहरी मुचुल्का, दुरुस्त देखिने तस्बिर, अन्यत्र घर नभएको पुष्टि हुने कागजातलगायत आवश्यक हुन्छ। घरधनीले नयाँ घर निर्माणको सम्झौता गरेपछि तीन चरणमा गरी रु चार लाख अनुदानवापत प्राप्त गर्ने व्यवस्था रहेको छ।

# लेकसाईड मदिरा ब्यवसायीद्धारा विशेष गजल बाचन सहित भित्तेपात्रो बिमोचन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ बैशाख

पोखराको पर्यटकीय क्षेत्र लेकसाइडमा रहेको लेकसाईड मदिरा ब्यवशायी समितिले विशेष गजल वाचन कार्यक्रम सहित नया वर्ष २०७८ को भित्तेपात्रो विमोचन गरेको छ।

विभिन्न श्रष्टाहरुको गजल बाचन सहित उक्त अवसरमा जिल्ला समन्वय समिति कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बराल, वडा प्रहरी कार्यालय बैदामका प्रमुख प्रहरी नायव उपरीक्षक वेद प्रकाश जोशी, लेकसाईड मदिरा ब्यवशायी समितिका अध्यक्ष रोशन देवकोटा लगायतले नयाँ वर्षको भित्तेपात्रो बिमोचन गरेका थिए।

सो अवसरमा वोल्दै प्रमुख अतिथि जिल्ला समन्वय समिति कास्कीका जिल्ला समन्वय अधिकारी नबराज बरालले लेकसाईड क्षेत्रमा रहेका मदिरा ब्यवशायीहरुको हकहित र ब्यवशायीहरुलाई कानुन कार्यान्वयन संगै ब्यवशायीक आचार संहिताको बारेमा संघले सहजिकरण गर्नुपर्नेमा जोड दिए। त्यसैगरी संस्थाको आचार संहिता विपरित काम गर्ने ब्यवशायीहरुलाई



कानुनी दायरामा ल्याइ सचेत गराउदै ब्यवशायीलाई सुदृढ गर्नका लागी ब्यवशाय कर, ब्यवशायिक संस्थाको नविकरणको बारेमा आफ्ना सदस्यहरुलाई अभिमुखीकरण गराइ संस्थालाई अगाडी वढाउन आग्रह गर्दै बरालले सामाजिक उत्तरदायित्व बहन गर्ने गरी काम गर्न समेत आग्रह गरे।

त्यस्तै वडा प्रहरी कार्यालय बैदामका प्रमुख प्रहरी नायव उपरीक्षक वेद प्रकाश जोशीले पर्यटकीय क्षेत्र लेकसाइड संग सुरक्षाको सम्पूर्ण कुराहरु जोडिने भएकाले सम्पूर्ण ब्यवशायीहरुले आ आफ्नो जिम्मेवारी बहन गरी पर्यटकीय शहरलाई ब्यवस्थित गराउनुपर्नेमा जोड दिए। मदिरा भन्ने बित्तिकै सुरक्षा संग सिधै जोडिने भन्दै जोशीले ब्यवशायीहरु आपसी द्धन्द्धमा रहेका कारण कहिकतै समस्या उत्पन्न हुने वताउदै प्रहरी प्रशासनले कोही कसैसंग पूर्वाग्रही नबनिकन प्रशासनको नियम अनुसार काम गर्ने भएकाले ब्यवशायको सुरक्षाकै लागि प्रहरीले दिन रात नभनी काम गरिरहेकाले सम्पूर्ण संग सहकार्य गरेर अगाडी वढ्ने उनको भनाइ रहेको थियो।

सो अवसरमा वरिष्ठ संगीतकार तथा गजलकार नबराज वराल, गजलकार नबराज वराल (निशान्त), गजलकार ध्रुव बराल (विपश्वी), गजलकार अमृता पोखरेल लगायतले गलज प्रस्तुत गरेका थिए। लेकसाईड मदिरा ब्यवशायी समितिका अध्यक्ष रोशन देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष दिनदयाल पाण्डेले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन संस्थाका सहसचिव बालहरि बरालले गरेका थिए।


## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
## Phedikhola, Syangja
## Gandaki Province, Nepal

# Invitation for Bids

**First date of Publication: 30th April, 2023**

1. Phedikhola Rural Municipality, Syangja on behalf of Gandaki Provincial Government has allocated funds towards the cost for Procurement of Electronics Goods for Phedikhola Rural Municipality under Innovative Partnership Fund (IPF) Program and intends to apply part of the funds to cover eligible payments under the Contract for 33-PRM-G-SQ-IPF-079-80. The estimated cost of the goods is NRs. 1,908,934.00 (Including Transportation, VAT & other Taxes). Bidding is open to all eligible Nepalese Bidders.
2. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja invites sealed and or electronic quotations from eligible bidders for the Procurement of Electronics Goods for Phedikhola Rural Municipality under Sealed Quotation procedures specified in public procurement act and regulations.
3. Eligible Bidders may obtain further information and inspect the Sealed Quotation Documents at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja; website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. A complete set of Sealed Quotation documents may be purchased from the Office of Rural Municipal Executive, Phedikhola, Syangja by eligible bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, VAT registration certificate, Tax clearance certificate upon payment of a non-refundable fee of NRs. 1000.00 during office hour of 15-May-2023.
   OR
   A complete set of sealed quotation documents may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. In e-submission, bidder should deposit cost of bid documents (Non-refundable fee of NRs. 1000.00) in following bank account and scanned copy (In PDF format) of voucher should be uploaded at the time of electronic submission of bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja;
   Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja;
   Office Account Number: 06500308CA; Aantarik Rajaswa Khata (revenue heading) Number: Ga 1-1
5. Sealed or electronic quotations must be submitted to the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja by hand or through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 hrs on 16-May-2023. Bids received after this deadline will be rejected.
6. The sealed quotations will be opened in the presence of bidders' representatives who choose to attend at 12:00 Hrs on 16-May-2023 at the Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security a) in case of hard copy: submission of original bid security b) in case of e-bid: submission of scanned copy of bid security (in pdf format), amounting to a minimum of NRs.48,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. The bidder who chooses to submit bid security in a cash, the above mentioned cash should be deposited in Dharauti account of Phedikhola Rural Municipality at Prime bank Ltd. Phedikhola in Account No. 06500036CA.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Phedikhola Rural Municipality, Office of Rural Municipal Executive, Phedikhola, Syangja has right to accept or reject the submitted bids wholly or partially.